# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७३) काठमाडौं, मंसिर ०७ गते, २०८० साल (संख्या ३८


# भाग ३

## नेपाल सरकार

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

## सूचना

**नेपाल सरकार (कार्य विभाजन) (दोस्रो संशोधन) नियमावली,२०८०**

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकार, मन्त्रिपरिषद्ले नेपालको संविधानको धारा ८२ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारको कार्य विभाजनको लागि देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "नेपाल सरकार (कार्य विभाजन) (दोस्रो संशोधन) नियमावली, २०८०" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची-२ मा संशोधनः</u>** नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ (यसपछि "मूल नियमावली" भनिएको) को अनुसूची-२ को,-

(१) क्रमसङ्ख्या १० को भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतको बुँदा नं. १६ को सट्टा देहायको बुँदा नं. १६ राखिएको छः-

"१६. पोड वे, स्काई रेल, स्काई ट्रलिबस, जलमार्गलगायत वैकल्पिक यातायातसम्बन्धी नवीन प्रविधिको पहिचान, अध्ययन, नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन;"

(२) क्रमसङ्ख्या १८ को सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गतको बुँदा नं. ७ झिकिएको छ।

(३) क्रमसङ्ख्या २० को सहरी विकास मन्त्रालय अन्तर्गतको बुँदा नं. ३ पछि देहायको बुँदा नं. ३क. थपिएको छः-

"३क. फोहोरमैला व्यवस्थापनसम्बन्धी नीति, मापदण्ड, समन्वय र सहजीकरण;"

३. **<u>खारेजीः</u>** मूल नियमावलीको नियम ७ खारेज गरिएको छ।

**आज्ञाले,**

**लीला देवी गडतौला (निरौला)**

**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार

# भाग ५

## नेपाल सरकार

## वन तथा वातावरण मन्त्रालयको

## सूचना १

नेपाल सरकारले वन ऐन, २०७६ को दफा ७७ ले दिएको अधिकार प्रयोग गरी जैविक विविधता, प्रजाति संरक्षण र वातावरण संरक्षणको प्रयोजनको लागि देहायका वन पैदावारलाई देहाय बमोजिम प्रतिबन्ध लगाएकोले यो सूचना प्रकाशन गरिएको छ :-

१. देहायका जडिबुटी सङ्कलन, उपयोग, बिक्री वितरण, ओसार पसार र विदेश निकासीको लागि प्रतिबन्ध लगाइएको छः-

(क) पाँच औंले (Dactylorhiza hatagirea),

(ख) ओखरको रुखको बोक्रा (Juglans regia) (राष्ट्रिय वनको मात्र) ।

२. वनस्पति विभागले कुट्की (Picrorhiza scrophularifiora) हो भनी यकिन गरी सिफारिस गरेको आधारमा सो जडीबुटीको उपलब्धता समेतलाई दृष्टिगत गरी वन तथा भू-संरक्षण विभागले निकासी गर्न स्वीकृति दिएको अवस्थामा बाहेक कुट्की विदेश निकासी गर्न प्रतिबन्ध लगाइएको छ ।

३. वनस्पति विभागको सिफारिसमा वन तथा भू-संरक्षण विभागको स्वीकृति लिएर नेपालभित्र प्रशोधन गरी सारतत्व निकासी गर्न अनुमति पाएको अवस्थामा बाहेक देदहायका जडिबुटी विदेश निकासी गर्न प्रतिबन्ध लगाइएको छः-

(क) जटामसी (*Nardostachys grandiflora*),



मुद्रण विभाग

(ख) सर्पगन्धा (Rauwolfia serpentina),

(ग) लौठ सल्ला (Taxus spp.),

(घ) सुगन्धकोकिला (Cinnamomum glaucescens),

(ङ) सुगन्धवाल (Valeriana jatamansi),

(च) तालिस पत्र (Abies spectabilis) ।

४. वनस्पति विभाग वा जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको सिफारिसमा (आफ्नो उत्पादनको हकमा बाहेक) वन तथा भू-संरक्षण विभागको स्वीकृति लिएर नेपालभित्र उमालेर सारतत्व निकाली (Boil and extract गरी) उपयुक्त ढङ्गले समिश्रण गरी निकासी गर्न अनुमति पाएको अवस्थामा बाहेक शिलाजित (Rock Exudate) लाई विदेश निकासी गर्न प्रतिबन्ध लगाइएको छ।

५. देहायका रुख व्यापारिक प्रयोजनको लागि कटान, ओसार पसार र विदेश निकासी गर्न प्रतिबन्ध लगाइएको छः-

(क) साल (Shorea robusta),

(ख) सतीसाल (Dalbergia latifolia),

(ग) विजयसाल (Pterocarpus marsupium),

(घ) ओखर (Juglans regia) (राष्ट्रिय वनको मात्र) ।

द्रष्टव्यः देहायको रुखको हकमा उल्लिखित प्रतिबन्ध लागू हुने छैनः-

(क) व्यवस्थापन योजनामा उल्लेख भए बमोजिमका ढलापडा रुख, स्वीकृत कार्ययोजना बमोजिम कटान हुने रुख र राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना, लगानी बोर्डबाट



मुद्रण विभाग, सिंहदरबार

लगानी स्वीकृत भएको योजना र राष्ट्रिय गौरवका आयोजनाबाट कटान हुने रुख,

(ख) वन नियमावली, २०७९ को नियम १०२ बमोजिम सडक वा नहर विस्तारको क्रममा राईट अफ वे भित्र पर्ने रुख,

(ग) दर्ता भएको निजी वनमा लगाइएका वा हुर्काइएका साल प्रजातिका रुख (कटान, उपभोग, ओसारपसार र बिक्री वितरण गर्न) (सो कार्यको सम्बन्धित प्रदेश सरकारले आवश्यक अनुगमन गर्नु पर्ने)।

६. सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार महासन्धिको अनुसूचीमा सूचीकृत प्रजातिहरुको हकमा सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ को व्यवस्था बमोजिम हुनेछ ।

७. नेपाल राजपत्रमा प्रकाशित देहायका सूचना खारेज गरिएका छन्:-

(क) खण्ड ५१, सङ्ख्या ३६, मिति २०५८।९।१६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित वन तथा भू-संरक्षण मन्त्रालयको सूचना ।

(ख) खण्ड ५३, सङ्ख्या ३१, मिति २०६०।८।१ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित वन तथा भू-संरक्षण मन्त्रालयको सूचना ।

(ग) खण्ड ५४, सङ्ख्या २५, मिति २०६१।६।१८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित वन तथा भू-संरक्षण मन्त्रालयको सूचना ।



मुद्रण विभाग, सिंहदरबार

(घ) खण्ड ५७, सङ्ख्या २९, मिति २०६४।७।१९ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित वन तथा भू-संरक्षण मन्त्रालयको सूचना ।

(ङ) खण्ड ६०, सङ्ख्या ३८, मिति २०६७।९।२६ गतेको नेपाल राजपत्र भाग ५ मा प्रकाशित वन तथा भू-संरक्षण मन्त्रालयको सूचना ।

## सूचना २

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को नियम ३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल राज्यभित्रका निजी खेत, खला, बारीमा आउने सानो जातको बँदेल बाहेकको जङ्गली बँदेललाई नेपाल राजपत्रमा सूचना प्रकाशन भएको मितिले एक वर्ष सम्मको लागि कृषि हानिकारक वन्यजन्तु घोषणा गरी त्यस्ता जङ्गली बँदेलले निजी खेत, खला, बारीमा आई क्षति पुऱ्याउने अवस्था भएमा त्यस्तो खेत, खला, बारीका धनीले देहायको शर्तको अधीनमा रही बिना अनुज्ञापत्र धपाउन, लखेट्न, पक्रन वा मार्न सक्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

**शर्तहरुः-**

(क) जङ्गली बँदेलले किसानको खेतबारीमा आई बालीनाली वा धनजनको हानी नोक्सानी पुऱ्याएमा किसान एक्लै वा सामूहिक रुपमा त्यस्तो बँदेललाई धपाउन, लखेट्न वा पक्रन सक्ने,

(ख) खण्ड (क) बमोजिम जङ्गली बँदेललाई पक्रिएमा सो बँदेल सम्बन्धित राष्ट्रिय निकुञ्ज कार्यालय, वन्यजन्तु आरक्ष कार्यालय, शिकार आरक्ष कार्यालय, संरक्षण क्षेत्रको कार्यालय, डिभिजन वन कार्यालय वा त्यस्ता कार्यालयको मातहतको नजिकको कार्यालयमा बुझाउनु पर्ने र यसको सूचना सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा समेत दिनु पर्ने,

(ग) खण्ड (क) बमोजिम जङ्गली बँदेललाई धपाउने, लखेट्ने वा पक्रने क्रममा त्यस्तो बँदेलको मृत्यु भएमा त्यस्तो बँदेललाई सम्बन्धित वडाका एकजना प्रतिनिधि सहित कम्तीमा पाँचजना स्थानीय व्यक्तिको रोहवरमा मुचुल्का खडा गरी गाड्न वा तौलको आधारमा पञ्चकिर्ती मूल्य तोकी उक्त रकम राजश्वमा दाखिला गरी सम्बन्धित स्थानीय तहको सम्बन्धित वडाभित्र उपयोग (व्यापारिक प्रयोजन बाहेक) गर्न सकिने र सोको जानकारी सम्बन्धित राष्ट्रिय निकुञ्ज कार्यालय, वन्यजन्तु आरक्ष कार्यालय, शिकार आरक्ष कार्यालय, संरक्षण क्षेत्र कार्यालय, डिभिजन वन कार्यालय वा त्यस्ता कार्यालयको मातहतको नजिकको कार्यालय र स्थानीय तहको वडा कार्यालयमा दिनुपर्ने,

(घ) खण्ड (ग) बमोजिम जङ्गली बँदेल मारिएकोमा राष्ट्रिय निकुञ्ज कार्यालय, वन्यजन्तु आरक्ष कार्यालय, शिकार आरक्ष कार्यालय, संरक्षण क्षेत्र कार्यालय, डिभिजन वन कार्यालयले सोको विवरण प्रत्येक महिना नेपाल सरकारको वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग तथा सम्बन्धित



मुद्रण विभाग

प्रदेश सरकारको सम्बन्धित मन्त्रालय र प्रदेश वन निर्देशनालयमा दिनु पर्ने,

(ङ) राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, संरक्षण क्षेत्र वा राष्ट्रिय वन क्षेत्रमा जङ्गली बँदेललाई धपाउन, लखेट्न, पक्रन वा मार्न नपाइने ।

**आज्ञाले,**
**डा. दीपक कुमार खराल**
**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो.हु.द.नं. १६।२०६२।६३

मुद्रण विभाग, सिंहदरबार